# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
बाणगङ्गा, कपिलवस्तु


पत्र संख्या: ०८१।८२
चलानी:

## वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुको प्रस्तावना आह्वान सम्बन्धि सूचना !

**प्रथम पटक प्रकाशित मिति २०८१।११।२६ गते**

यस वाणगंगा नगरपालिका, कृषि विकास शाखा कपिलवस्तुको आ.व. २०८१।०८२ को वार्षिक स्वीकृत कार्यक्रम मध्ये निम्न कार्यक्रमहरु संचालनको लागि सूचना प्रकाशन गरी प्रस्तावना छनौट गर्नु पर्ने भएकोले इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी संस्था तथा कृषि फर्महरुले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ३० दिन (मिति २०८१/१२/२६ गते) भित्र बाणगंगा नगरपालिका,कृषि विकास शाखामा निर्धारित ढाँचा अनुसारको प्रस्ताव पेश गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**कार्यक्रमहरु**

| कार्यक्रम | न्युनतम मापदण्ड | कैफियत |
|---|---|---|
| १ . पचास प्रतिशत अनुदानमा बीउ उत्पादन कार्यक्रम (धान) | १. कम्तिमा ३० कठ्ठाको एउटै प्लट हुनु पर्ने<br>२. वीउको रुपमा प्रयोग तथा विक्री वितरणको प्रतिवद्धता गर्नु पर्ने | |
| २, पचास प्रतिशत अनुदानमा धानको उन्नत बीउ बितरण | १.आफ्नो वा भाडाको जग्गा हुनु पर्ने। | १.साँवा मनसुली सव-१, राम धान, राधा-४,चेते-५ र हर्दिनाथ-६ जातको बीउ मात्र माग गर्न सकिने<br>२.ब्यक्तिगत रुपमा समेत माग गर्न सकिने। |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. कृषक समूह/ कृषि सहकारी/कृषि फर्म २०८१ माघ मसान्त भित्र दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण/सुचिकृत भएको)।
२. कृषक समूह/ कृषि सहकारीको कार्यक्रम मागको निर्णयको प्रतिलिपी।
३. वडा कार्यालयको सिफारिस पत्र।
४. कृषक समूह/ सहकारी संस्था/ कृषिको करचुक्ता प्रतिवेदनको प्रतिलिपी।
५. छुट्टा छुट्टै कार्यक्रमको लागि छुट्टा छुट्टै निवेदन।
६. कृषक समूह/कृषि सहकारी/कृषि फर्मको कार्यालय भवनमा राखिएको साईनबोर्डको फोटो।
७. कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ को अनुसूची-२ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी पेश गर्नु पर्ने।
८. कार्यक्रम संचालन हुने स्थान (जग्गा) को लालपुर्जाको प्रतिलिपी (भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र)।
९. सि नं २ को लागि ब्यक्तिगतको हकमा वडा कार्यालयको सिफारिस आवस्यक नपर्ने। नागरिकताको प्रतिलिपी र लालपुर्जाको प्रतिलीपी पेश गर्नु पर्ने।

**नोटः-** कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।
सम्पर्क नम्वर-९८४१३५२७४७/९८४७०५२९५४

लेष बहादुर के.सी.
कृषि विकास अधिकृत
अधिकृतस्तर आठौं



CamScanner